**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## स्थानीय तहमा चियापान र अतिथि सत्कार हुने खर्चको सिमा

**गाउँपालिका/नगरपालिका कार्यसञ्चालन निर्देशिका, २०७७** बमोजिम स्थानीय तहका पदाधिकारीले मासिक चियापान र अतिथि सत्कार खर्च देहाय बमोजिम गर्न पाउनेछन्:

| | |
|---|---|
| नगर प्रमुखले | **रु. २० हजार** |
| नगर उप-प्रमुखले | **रु. १५ हजार** |
| गाउँपालिका अध्यक्षले | **रु. १५ हजार** |
| गाउँपालिका उपाध्यक्षले | **रु. १० हजार** |
| गाउँ/नगरपालिकाको कार्यालयले | **रु. १० हजार** |
| बडा अध्यक्ष/वडा कार्यालयले | **रु. ५ हजार** |



स्रोत: https://www.mofaga.gov.np/news-notice/2329

## नेपाल अपडेट



पसल अगाडी सरसफाई गर्दै एक जना उधमी महिला

तस्विर: आयुश यगोल श्रेष्ठ

### परिक्षण

पिसिआर परिक्षण: २२,१५,४११

पोजेटिभ: २,७५,२३१

उपचाररत: ८९१

मृत्यु : ३,०१४

सन्चो भएका : २,७१,३२६






Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



खोप अभावका कारण पहिलो चरणमा खोप लगाएकाले समयमै दोस्रो खोप लगाउन पाउदैनन् भन्ने हल्ला छ नी ?

पहिलो चरणको खोप लगाएकालाई ७० दिनमा दास्रो खोप लगाउने सरकारको योजना रहेको छ । अहिलेसम्म करिब १५ लाख ६० हजार जनाले खोप लगाईसकेका छन् । अहिले नेपाल सरकारसँग करिब ७ लाख डोज खोप मौजदात रहेको छ र १० लाख डोज खरिदको सबै प्रकृया पुरा भई पैसा समेत तिरिसकेकोले आउने प्रकृयामा छ । यसरी हेर्दा, जम्मा १७ लाख डोज खोप मौजदात रहनेछ । त्यसैले, पहिलो मात्रा खोप लगाएकालाई दोस्रो मात्रा खोप दिन सरकार पूर्ण रुपमा तयार छ ।

स्रोत: डा. समिर कुमार अधिकारी, सहायक प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय



कोरोनाको खोप लगाएपछि ज्वरो आउनु सामान्य हो भन्छन् । यो कती दिनसम्म हुन्छ ? के ज्वरो आएमा जचाउनु पर्दैन ?

खोप लगाईसकेपछि ज्वरो आउनु सामान्य हो । तर, ३ दिन भन्दा बढी ज्वरो आएमा भने स्वास्थ्यकर्मीको सम्पर्कमा आउनुपर्दछ । साथसाथै, खोप लगाएको ५ दिनसम्म आराम गर्ने, व्यायम र हिँडडुल गर्ने गर्नुपर्दछ । यो समयमा लागुपदार्थ र मद्यपान भने सेवन गर्नु हुँदैन ।

स्रोत: https://cutt.ly/pzL86H5



६५ वर्ष माथिका कयौं व्यक्तिले उमेर खुल्ने परिचयपत्र नहुँदा कोरोना विरुद्धको खोप लिन पाईरहेका छैनन् । यसका लागि के गर्नेहोला ?

अहिले सरकारले दोस्रो प्राथमिकता अन्तरगत १७,८२,४६९ जना ६५ वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई कोरोना विरुद्धको खोप लगाउँदै छ । तर, कसैसँग उमेर खुल्ने परिचय पत्र नहुन पनि सक्छ । खोप लगाउनबाट कोहि नछुट्न भन्नका लागि सरकारले सम्बन्धित वडा कार्यालयले उमेर खुल्ने सिफारिस गरेको आधारमा खोप लगाउन पाउने सुविधाको व्यवस्था गरेको छ । यसका लागि सम्बन्धित वडा कार्यालयमा गएर सिफारिस बनाउनु पर्दछ ।

स्रोत: https://cutt.ly/GzL2pu8



प्रधानमन्त्रीले ७५३ वटै स्थानीय तहमा पक्की बाटोको शिलान्यास गर्नुभयो रे । के अब सबै गाउँका सडक पक्की हुनेछन् ?

नेपालका ७५३ वटा स्थानीय तह मध्ये करिब २८३ स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानी वा राष्ट्रिय सडक सञ्जालसँग जोड्न बाँकी छ । यसै कुरालाई मध्यनजर गरी सरकारले ४००० किलोमिटर सडक पक्की बनाउनुका साथै ११०० वटा सडक पुल निर्माण गर्दैछ । जसले हरेक स्थानीय तहको केन्द्रलाई प्रदेश राजधानी सँग जोड्ने छ । यसको मतलब गाउँका सबै बाटो एकै पटक पक्की बन्ने भनेको हैन ।

स्रोत: https://www.mofaga.gov.np/news-notice/2335

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,८२,४०७ संक्रमित | २,०९,५२३ संक्रमित | १,७०,२५२ संक्रमित | १,७०,२५२ संक्रमित | ४,२६,३९७ संक्रमित | १,४६,८६७ संक्रमित | ३,२३,७३६ संक्रमित | ९६,०१७ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## यूएईमा खोप र कुवेतमा नयाँ नियम सम्बन्धी जानकारी

### यूएई:

- अबुधाबीमा सरकारी कर्मचारीको लागि नयाँ नियम बनाईएको छ । अबदेखी कोरोना बिरुद्धको खोपको दुबै डोज लगाएकाले एक महिनामा एक पटक र खोप नलगाएकाल हप्तामा एक पटक कोभिड - १९ को पिसिआर परीक्षण गर्नुपर्ने छ ।
- ७ वटा कोभिड फिल्ड अस्पताल, २००० बेडको क्षमता सहित शुरु भएका छन् ।
- शारजाहमा कोभिड बिरुद्धको खोप सम्पूर्ण शिक्षा क्षेत्रका कर्मचारीलाई विषेश प्राथमिकता साथ ७ वटा सेन्टरबाट उपलब्ध गराईने छ ।
- फेब्रुअरी महिना भित्र मात्र ५६ हजार व्यक्तिले कोभिड बिरुद्धका सुरक्षा मापदण्ड उलंघन गरिएको भेटिएको छ ।

### कुवेत:

- ६ दिनको अवधिमा कर्फ्यूको पालना नगरेका १२३ जना पक्राउ परेका छन् ।
- अहिले सम्म ४ लाख १ हजारलाई कोभिड विरुद्धको खोप लगाईएको छ ।
- सेप्टेम्बर देखी कोभिड विरुद्धको खोप नलगाउने आप्रवासीको भिषा नविकरण हुनेछैन ।
- विश्वकप २०२२/२३ का लागि नेपाल लगाएतका देशहरूले खेल्ने एसियन क्वालिफाइङ खेल कुवेतमा हुने भएका छन् ।
- विशेष गरेर शैलुन, हेल्थ क्लब लगाएतमा कोरोनाबाट बच्ने उपाय अबलम्बन गरे नगरेको चेक-जाँच कडा बनाईदै छ ।
- ५५ दिनमा १९,९९५ आप्रवासीको वर्क पर्मिट रद्द गरिएको छ ।
- १९ जना आप्रवासीलाई जुवा खेलेको अभियोगमा देश निकाला गरिएको छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL



## नेत्रलाल अर्याल

सूचना अधिकारी, लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालय, बुटवल

"लकडाउनको समयमा स्वास्थ्यकर्मी हो भन्ने थाहा पाएपछि टोल छरछिमेकबाट राम्रो व्यवहार भएन । छोराहरुलाई खेल्न समेत दिइएन । जिम्मेमवारीमा रहेकाले अस्पताल, क्वारेन्टाइनमा जानै पर्ने बाध्यता थियो । अस्पतालमा भन्दा क्वारेन्टाइनमा जाँदा डरको महसुस बढी हुन्थ्यो । मैले कोरोना बिरुद्धको पहिलो चरणको खोप लगाईसके । अहिले प्रदेश भित्रका १२ जिल्लामा खोपको वितरण र उपलव्धताको तथ्यांक लिने र सूचना प्रभाव गर्ने कार्यमा कृयाशिल छुँ । मैले अझै पनि जोखिम कम नभएको आँकलन गरेको छुँ । त्यसैले, स्याङजाको गल्याङमा रहनुभएका ८४ वर्षिय बुवा र ७० वर्षिय आमालाई ल्याउन सकिरहेको छैन ।"

## जागेश्वरी देवी चौधरी

उपप्रमुख, तिलोत्तमा नगरपालिका, रुपन्देही



"७१ वर्षिय ससुराबुवा सहित ५ जनाको परिवार छ । मेरो कारणले परिवारका कसैलाई संक्रमित हुन नपरोस भनेर निक्कै सचेत भएँ । भाग्यवस अहिलेसम्म संक्रमित हुनु परेको छैन । जनप्रतिनिधि भएकाले जिम्मेवारी अनुसार कार्यसम्पादन गरेँ । अहिले जेष्ठ नागरिकलाई कोरोना बिरुद्धको खोप दिन खटिएका छौं । भारतमा बढ्दै गइरहेको कोरोना संक्रमण फेरी पनि चिन्ताको विषय बन्न थालेको छ । स्वास्थ्य सचेतनाका कृयाकलापमा अझै केन्द्रीत हुनुपर्ने अवस्था आएको छ । मास्क लगाउने मलाई बानी नै परिसक्यो । मास्क लगाइन भने अहिले आफैलाई अप्ठारो हुन्छ । पहिलाको तुलनामा अहिले निक्कै सहज छ, तर जोखिम कम भएको छैन ।"



## दुर्गा देवी अर्याल

प्रमुख, हाटी फर्साटिकर स्वास्थ्य चौकी, रुपन्देही

"घरमा ८० वर्षिया हजुरआमा हुनुहुन्छ । उहाँको स्वास्थ्यमा कुनैपनि बेला मेरो कारणले जोखिम हुन्छ की भन्ने त्रास छ । उहाँको नजिकै गएर बस्न मन लाग्छ, तर सकिरहेको छैन । मेरा घरबाट १७ किलोमिटरको दुरीमा रहेको स्वास्थ्य चौकीमा आउने जाने गरेकी छुँ । रोगले भन्दा, डरले मरिन्छ कि भन्ने सन्त्रास भने अहिले कम भएको छ । स्वास्थ्य चौकीमा सेवा लिन आउने सबै खाले सेवाग्राहीलाई कोरोनाको जोखिम घटेको छैन, सावधानी अपनाउन नछोड्नु भनेर बारम्बार सम्झाएर पठाउने गरका छौं ।"

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**

रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**

रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**

रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**

रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**

रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

accountabilitylab
NEPAL



# रेडियो कार्यक्रम पद्धती

## संरचना सबैका लागि

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams    @civacts    @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219